परिच्छेद ७

# सन् २०२३ को मानव अधिकार स्थितिबारे राजनीतिक दलका धारणा

## नेपाली कांग्रेस

नेपालको संविधानको धारा १३ देखि ४८ सम्म मौलिक हकको व्यवस्था छ। यी मौलिक हकको कार्यान्वयनका लागि अनुगमन गर्ने मुख्य जिम्मेवार निकायले मानव अधिकार उल्लङ्घन हुनसक्ने वा उल्लङ्घन गर्न अभिप्रेरित गर्ने मौजुदा ऐन कानुन भए परिमार्जनका लागि सिफारिस गर्नुपर्ने हुन्छ।

कृषि तथा वन विश्वविद्यालय, रामपुर कृषि क्याम्पसमा क्याम्पस प्रमुख र स्वतन्त्र विद्यार्थी युनियन निर्वाचन समितिका संयोजकले २०७९ चैत १८ गते स्ववियू निर्वाचनमा एक पक्षीय विद्यार्थीरूबिच भएको झडपलगायतका कार्यहरू मानव अधिकारका दृष्टिले हनन् भएका छन्।

धरान उपमहानगरपालिका क्षेत्रमा २०८० भदौ ९ गते धार्मिक, सांस्कृतिक तथा सामाजिक एकता र आपसी सद्भावनामा खलल पुऱ्याउन सक्ने सामाजिक सञ्जालमा लेखिएका विषयवस्तुहरूका सम्बन्धमा सामाजिक, धार्मिक, राजनीतिक र आपसी सद्भावनामा खलल पुन गई सो क्षेत्रमा हुलहुज्जतसहित धार्मिक सद्भावना बिग्रने गरी भएको भेलामा पनि मानव अधिकारको उल्लङ्घन भएको छ।

ताप्लेजङ जिल्लामा गाईजात्रा पर्व समापनको दिन २०८० भदौ २२ गते राति प्रहरी कार्यालयभन्दा ५० मिटर वर कोशी प्रदेशसभा सदस्य खगेन्द्र सिंह हाङ्गामको निवासबाट करिब २५ मिटर टाढा सञ्चालन भएको मिनी मेलामा मादक पदार्थ सेवन गरेका प्रहरीहरूले नेपाली कांग्रेस ताप्लेजङ्का नेता तथा कार्यकर्ता र सर्वसाधारण व्यक्तिलाई समेत कुटपिट, हातपात गर्नुका साथै दुर्व्यवहार गरेको घटना मानव अधिकार उल्लङ्घन गरेको ठहर्छ।

बाँके जिल्लामा भएको धार्मिक, सांस्कृतिक तथा सामाजिक एकता र सद्भावमा खलल पुऱ्याउन सक्ने गरी २०८० असोज १७ गते अतिरञ्जित धार्मिक विषयवस्तुहरू सामाजिक सञ्जालमा प्रकाशित गरी मिलेर बसिरहेको सामाजिक, धार्मिक र सांस्कृतिक एकतालाई भङ्ग गराउने गरी भएको प्रचारात्मक अभिव्यक्तिपछि सिर्जित हुलहुज्जत मानव अधिकार रक्षाको लागि विरोध कार्य थियो।

मित्रराष्ट्र इजरायका विभिन्न स्थानहरूमा भएको आक्रमणमा परी एक दर्जन नेपालीको मृत्यु र एक जना व्यक्तिको अपहरण र बेपत्ता पारिएको घटना मानव अधिकारको गम्भीर उल्लङ्घन भएको नेपाली कांग्रेसको ठहर छ।

कोरियन भाषा परीक्षासम्बन्धी विषयलाई लिएर ललितपुर जिल्लाको बालकुमारीस्थित इपीएस कार्यालय अगाडि २०८० पुस १३ गते भएको प्रदर्शनका क्रममा मन्त्री सवार गाडीमा आगजनी हुनु, तत्पश्चात् प्रदर्शनकारीलाई नियन्त्रणमा लिने क्रममा प्रहरीले चलाएको गोलीबाट दुई जना सर्वसाधारण निहत्था युवाहरूको हत्या हुनु गम्भीर मानव अधिकार उल्लङ्घनको उदाहरण हो।

**कृष्णप्रसाद पौडेल**
मुख्य सचिव

## नेपाल कम्युनिष्ट पार्टी (एमाले)

नेकपा (एमाले) नेपाली जनतालाई अधिकार सम्पन्न बनाउन गठित जनआधारित पार्टी हो। यसले 'समृद्ध नेपाल, सुखी नेपालीको परिकल्पना गरेको छ र यसलाई सार्थक बनाउन जनतासँग निरन्तर संवादमा रहिरहन्छ। नेकपा एमालेले यसै साल 'समृद्धिका लागि सङ्कल्प यात्रा' तय गरी महाकालीको झुलाघाटदेखि पाँचथरको चिवाभञ्ज्याङसम्म २१ दिन लामो यात्रा पार्टी अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सम्पन्न गरेको छ। उक्त यात्राको क्रममा मानव अधिकार, सामाजिक न्याय, विकास, सम्भावनाहरू समेतको सन्दर्भमा समुदायसँग व्यापक अन्तरकृया गर्ने र अवलोकन गर्ने कार्य भएको छ। यात्राको क्रममा प्राप्त जनअपेक्षाहरू पूरा गराउन नेकपा एमालेले कटिबद्ध छ।

मानव अधिकारको अवस्थाको दृष्टिकोणबाट सन् २०२३ सन्तोषजनक रहेन। गठबन्धन सरकार मुलुक र जनताप्रति जबाफदेही हुन सकेको छैन।

मुलुकमा तस्करी, भ्रष्टाचार र बेथिति बढिरहेको छ। जनताले सुशासनको अनुभूति गर्न पाएको अवस्था देखिएन। सामान्य अवस्थामा गोली चलाउने, नागरिकको हत्या गर्ने जस्ता गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाहरू भएका छन्। शान्तिपूर्ण भेला हुने, प्रदर्शन गर्न पाउने, विरोध गर्न पाउने र विरोधका माध्यमबाट आफ्ना आवाजहरू सरकार समक्ष पुऱ्याउनु लोकतान्त्रिक पद्धतिमा नागरिकका मौलिक अधिकार र स्वतन्त्रताहरू हुन्। तर यो सरकारले जनताका आवाजहरू मुखरित गर्ने सार्वजनिक स्थानहरूमा प्रतिबन्ध लगाएर नागरिकका अधिकारहरू सङ्कुचन गरेको छ। सामान्य अवस्थामा समेत न्याय प्राप्ति र सुनुवाइका लागि नागरिकहरू राजधानी पुगेर आन्दोलन गर्नुपर्ने अवस्था कायम रहेको छ।

नेकपा एमालेका अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री माननीय केपी शर्मा ओली लगायत नेता कार्यकर्ताहरू खुला राजनीतिक कार्यक्रमहरूमा सहभागी हुन जाने क्रममा अवरोध सिर्जना गर्नका लागि भएका आक्रमणका घटनाहरूले मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने कुरामा सरकार गम्भीर नभएको पुष्टि हुन्छ।

मुलुकको अर्थतन्त्र धराशायी अवस्थामा रहेको छ भने नागरिकहरू महँगीको चर्को मारमा परेका छन्। किसानहरूले समयमा मल, बीउ, औषधीहरू पाएका छैनन्। उत्पादनको लागि समर्थन मूल्यसमेत समयमा निर्धारण नहुने र प्राप्त गर्न सकेका छैनन्। मिटरव्याजबाट साना किसानहरू चपेटामा परेका छन्। यिनीहरूको सुनुवाइ गर्ने र नागरिकका आधारभूत अधिकारहरू सुनिश्चित गर्न यथेष्ट पहल हुन सकेको देखिएन।

यो सरकारले सङ्क्रमणकालीन न्याय निरूपण गर्न प्रयत्न गर्न सकेको देखिएन। सशस्त्र द्वन्द्व भएको १८ वर्ष बितिसक्दा पनि पीडितहरूले न्याय पाउन नसक्नु भनेको अन्यायपूर्ण अवस्था हो। मुलुकमा महिला हिंसा, सङ्गठित मानव बेचबिखन, बालअधिकारको हनन्, जातीय छुवाछुतका घटनाहरूमा कमी आउन सकेको छैन।

जलवायु परिवर्तनको असर नेपाली जनसमुदायले बारम्बार खेपिरहेको अवस्था छ। उत्पादन प्रणालीमा नै असर परेका कारण खाद्य प्रणाली चक्र प्रभावित भएको छ। मुलुकमा एकातिर खाद्य सङ्कट चुलिँदै गएको छ भने अर्कोतिर प्रकोपका कारण हुने क्षतिमा बढोत्तरी भइरहेको छ। जसले गर्दा सङ्कटमा रहेको विपन्न समुदाय नै बढी प्रभावित भइरहेको अवस्था छ। सडक दुर्घटना, विपद्का कारण ज्यान गुमाउनेहरूको सङ्ख्या बढिरहेको छ। जाजरकोट भूकम्पमा राहत, उद्धार र पुनस्थापनामा विभेद र उदासीनताबाट नागरिक पीडित भएका छन्। चिसोको कारणले मृत्यु हुनेको सङ्ख्या उल्लेख्य छ।

मुलुकले समृद्धि र सम्भावनाका ढोकाहरू खोल्न सकेको देखिँदैन। परिणामत: युवाहरू रोजगारी तथा अध्ययनका लागि विदेश जाने तथा कतिपय परिवारहरू अन्तरदेशीय बसाइसराइ गर्ने क्रम बढिरहेको छ। यसवर्ष मुलुकमा असमानता र भोकमरी र खाद्य असुरक्षा बढेको छ। मुलुकप्रति नागरिकको अविश्वास बढ्नु निश्चय पनि राम्रो होइन। यो अवस्था आउनु सरकारको नागरिकप्रतिको अनुत्तरदायी व्यवहारको परिणाम हो। सँससँगै मुलुकमा मनोसामाजिक सङ्कट बढ्दै गएको देखिन्छ। परिणामत: आत्महत्याका घटनाहरूमा बढोत्तरी आइरहेको छ।

विधिको शासनमा यो सरकारले बारम्बार खेलवाड गरिरहेको देखिन्छ। अदालतले दोषी करार गरेका व्यक्तिहरूलाई राजनीतिक प्रभावका आधारमा माफी दिने कार्यहरू गरेको छ। पीडितका अधिकारहरूलाई व्यवस्थापन गर्नुको साटो यो सरकार पीडितहरूलाई थप पीडा प्रदान गरिरहेको देखिन्छ।

मानवअधिकार रक्षा र प्रवर्द्धन गर्न नेकपा एमाले कटिबद्ध छ। यसले नागरिकका आवाजहरूलाई सम्बोधन गर्ने, आवाज उठाउने सरकार लगायत सम्बन्धित पक्षको ध्यानाकर्षण गराउन सन् २०२३ मा पनि नेकपा एमाले क्रियाशील रहिरहेको छ।

**शंकर पोखेल**
महासचिव

## नेकपा (माओवादी केन्द्र)

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको आधारभूत संरचनामा मुलुक समृद्ध समाजवादतर्फ उन्मुख रहेको संविधान निर्माणमा सहभागी भएका राजनीतिक दलहरूले संविधानको प्रस्तावनामा उल्लेखित भाव र सिद्धान्तलाई सङ्कल्प गरिसकेको परिप्रेक्ष्यमा जनताको प्रतिनिधिको थलो संविधानसभाले बनाएको संविधानले मानव अधिकार, कानुनी शासन, स्वतन्त्रता न्यायपालिका, आवधिक निर्वाचनको प्रणालीजस्ता लोकतान्त्रिक मूल्य मान्यताबाट मुलुक स्वतन्त्र, सार्वभौम र स्वाधीन एवम् मौलिक विविधता तथा

विशिष्टता निहित देशको रूपमा विश्वमै परिचित भएको छ। नेपाली विविधतायुक्त सामाजिक अन्तरविरोध र पहिचान भएको देशमा परम्परागत रूपमा देखा पर्ने अपराधजन्य कार्य बाहेक विषेशत: मानव अधिकार उल्लङ्घनका घटनाहरू सामाजिक अन्तरविरोध तथा राज्यसत्ताबाट हुँदै आएको विभेदको गर्भबाट घटित हुन पुगेको देखिन्छ। यिनै श्रृङ्खलामा गत सन् २०२३ पनि अछुतो रहेको देखिँदैन।

संविधानले सुनिश्चित गरेका मानव अधिकारसँग अन्तरनिहित विषयहरू कार्यान्वयनको क्षेत्रमा निकै अप्ठ्यारो सृजना भयो। नेपालमा मानव अधिकारलाई चुनौती दिने मुख्य विषयहरू बेरोजगारीको कारणले युवाहरू विदेश पलयान हुनु पर्ने, आर्थिक क्षेत्रहरूमा लगानी गर्न लगानीकर्ताहरू हिचकिचाइ रहेको अवस्था, कृषिमा लगानी, उत्पादन बजार व्यवस्थामा गम्भीर समस्या विद्यमान हुनु लगायतका रहेका छन्। शिक्षा , स्वास्थ्य, यातायात र सार्वजनिक सेवा र उपभोगको उचित व्यवस्थाको संस्थागत विकास हुन नसक्नुले नेपालमा मानव अधिकार विरुद्ध गम्भीर चुनौती र समस्या खडा भएको छ। सुशासन, सामाजिक न्याय र समृद्धिको विषयमा सबै राजनीतिक तत्परता देखाउन खोजे पनि राष्ट्रिय गौरव र स्वार्थको विषयमा सबै राजनीतिक दल विभिन्न बाहनामा एकवद्ध हुन नसक्नुले मानव अधिकारको क्षेत्र पनि यसको प्रत्यक्ष परोक्ष प्रभावमा परेको छ।

नेपालमा पनि मानव अधिकारको अवस्था चौथो पुस्तामा पुगिसेकेको छ। वातावरण, पर्यावरण र प्राकृतिक स्रोतको विनासको कारणले मौसममा आएको परिवर्तनबाट मानव जातिको अस्तित्वलाई चुनौतीको अवस्था सृजना भएको छ। स्वच्छ र अर्गानिक खाद्यवस्तु, उपभोक्ताहरूको अधिकार, सुनिश्चित बजार भाउ र बजार व्यवस्थाको अनुगमनजस्ता न्यूनतम विषयले नागरिकको स्वभाविक रूपमा बाँच्न पाउने अधिकारलाई नै चुनौती दिइरहेको छ। मुलुकलाई दण्डहीनतामा धेकेल्न धेरै प्रवृतिहरू सक्रिय छन्। यसले नेपालमा मानव अधिकारको स्थिति विगतमा जीवन, स्वतन्त्रता र राजनीतिक हक अधिकारमा मात्र सीमित थियो। तर, आज नेपालमा मानव अधिकारको सवाल निकै फराकिलो भइसक्यो। मानव अधिकारको सवालमा सरकार विषेश रूपमा गम्भीर हुन जरुरी छ। सरकारको जिम्मेवारी र उत्तरदायीले मानव अधिकारको रक्षा र संर्द्धनमा विशेष भूमिका खेलेको हुन्छ। जहाँ सरकारले अविभावकको भूमिका निर्वाह गर्छ त्यहाँ मानव अधिकारको उच्च सम्मान हुन्छ। जहाँ सरकार गैरजिम्मेवार हुन्छ त्यहाँ मानव अधिकार उल्लङ्घनका घटनाहरू बढ्दै जान्छन्।

विशेषत: नेपालको सन्दर्भमा मानव अधिकारसम्बन्धी धारणा तय गर्नुपर्दा युगौंदेखि भेदभाव र उत्पीडनमा पर्दै आएका दलित, महिला, पिछडा वर्ग, उत्पीडित वर्ग, अल्पसङ्ख्यक समुदाय लगायत राज्यले भेदभाव गरेको कारणले पछाडि परेका समुदायको हकलाई मौलिक हकको कोटीमा संविधानले तय गरेका प्रावधानहरूको यथासक्य कार्यान्वयन नहुनु गम्भीर विषय बनेको छ। वर्तमान बहाल रहेको संसदबाट एक वर्षमा एउटा विधेयक मात्र पारित भएको तथ्याङ्कले मुलुकमा कानुनी शासन बारे सबैलाई गम्भीर तुल्याएको छ। नेपाली जनताको मानव अधिकारको सवाल उठान गर्नुपर्दा राज्य र जनताबीचको दूरी अझै धेरै टाढा छ। त्यसैले गत सन् २०२३ को नेपालको मानव अधिकारको स्थितिलाई संविधान प्रदत्त नागरिकको हकलाई स्थापित र कार्यान्वयन गर्ने सन्दर्भमा जे जति हुनुपर्ने थियो, त्यो हुन सकेको छैन। नेपालको संविधानले आत्मसात गरेको सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशी समानुपातिक निर्वाचन प्रणालीको सन्दर्भमा सैद्धान्तिकरूपमा सबै राजनीतिक पार्टी सहमति भए पनि यसको कार्यान्वयनमा जुन हिचकिचाहट पैदा भएको छ। संविधान कार्यान्वयन र मानव अधिकारको सम्मानमा सन् २०२३ मा समग्रमा मानव अधिकार क्षेत्रले त्यति प्राथमिकता पाउन सकेको छैन।

**श्रीराम ढकाल**
मुख्य सचिव

## राष्ट्रिय स्वतन्त्र पार्टी

लोकतान्त्रिक मुलुकमा मानव अधिकारको सङ्कुचन परिकल्पना गरिन्न। तर, लोकतान्त्रिक हुँदाहुँदै पनि हामीले नागरिकलाई मानव अधिकारको पूर्ण प्रत्याभूति गराउन सकेका छैनौँ। परिणामत: मानव अधिकारको सवाल सधैँ पेचिलो बन्दा उल्लङ्घनका घटना पनि बढिरहेका छन्।

सन् १९६३ को पहिलो दासत्व महासन्धिमा हस्ताक्षर गरेयता आजसम्म नेपालले विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी सन्धि, घोषणापत्र र संयुक्त राष्ट्रसङ्घको वडापत्र पूर्ण पालना गर्ने प्रतिबद्धता जनाएको छ। विभिन्न महासन्धि, प्रोटोकल, प्रतिज्ञापत्रको पक्षराष्ट्र हुने तर, तिनले निर्दिष्ट

गरेअनुसारको मापदण्ड लागु नगर्ने प्रवृत्तिका कारण व्यवहारमा मानव अधिकारको न्यूनतम सूचकाङ्कमा नेपाल पछाडि नै छ।

नेपालको संविधान, २०७२ मा अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा भएका अधिकांश विषय समावेश छन्। तिनको कार्यान्वयनका लागि स्वतन्त्र न्यायपालिकाका अतिरिक्त विभिन्न संवैधानिक आयोग पनि बनाइएको छ। तर, संविधानमा रहेका कतिपय मौलिक हक कानुन नबनाइ कार्यान्वयन हुनै नसक्ने खालका छन् । ३२ ओटा धारामा व्यवस्थित गरिएका मौलिक हकमध्ये २३ ओटामा 'कानुनबमोजिम' भन्ने पदावली प्रयोग गरिएको छ। तर, कानुन नबन्दा मौलिक हककै कार्यान्वयन हुन सकेको छैन। अर्कोतर्फ, मानव अधिकारको पूर्ण सम्मान गर्दै यदि कसैले मानव अधिकार उल्लङ्घन गरे पीडितलाई प्रभावकारी उपचार प्रदान गरी उल्लङ्घनकर्तालाई कानुनअनुसार कारबाही गर्नु राज्यको दायित्व हो। तर, दण्डहीनता मौलाउँदा गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका घटनाका पीडित वर्षौंसम्म न्यायको याचना गर्नुपर्ने बाध्यतामा छन्।

राजनीतिक स्वार्थका कारण सङ्क्रमणकालीन न्याय निरूपण प्रभावित हुँदा सशस्त्र द्वन्द्वताका भएका गम्भीर मानव अधिकार उल्लङ्घनका कैयौं घटनाका पीडित अन्यायमा छन्। सङ्क्रमणकालीन न्याय निरूपण ज्युँका त्युँ राखेर राज्यले मानव अधिकारका पक्षमा गरेका र गर्ने प्रतिबद्धताको खासै अर्थ हुन्न। त्यसैले, शान्ति प्रक्रियाको महत्वपूर्ण पाटो द्वन्द्वकालीन घटनाको तत्काल स्थायी निरूपण अनिवार्य छ। द्वन्द्वकालीन घटनालाई राजनीतिक दाउपेचको ध्येयबाट हेर्ने विद्यमान प्रवृत्तिको अन्त्य नभएसम्म सङ्क्रमणकालीन न्याय निरूपण सम्भव छैन।

मानव अधिकार प्रवर्धन, उल्लङ्घनका घटनाको छानबिन र दोषीउपर कारबाहीका लागि संवैधानिक संरचनाको रूपमा मानव अधिकार आयोगको अस्तित्व छ। तर, एकातिर आयोगको सीमितता छ भने अर्कातिर आयोगका सिफारिस कार्यान्वयन नगरेर दण्डहीनतालाई संस्थागत गर्ने सरकारकै प्रवृत्ति छ।

निषेधाज्ञाको बहानामा सरकारले सङ्घीय राजधानीमै शान्तिपूर्ण रूपमा भेला हुने र प्रदर्शन गर्ने नागरिकको अधिकार सङ्कुचित गरेको छ। अभिव्यक्ति स्वतन्त्रता खुम्च्याउने हेतुले कानुनका मस्यौदा बन्न थालेको छ। सामान्य प्रदर्शनलाई नियन्त्रणमा लिन सरकारले घातक बल प्रयोग गरी नागरिकको ज्यानै लिएका केही घटना पनि ताजै छन्। अर्थात्, मानव अधिकारप्रति राज्य पर्याप्त संवदेनशील छैन।

लिङ्ग, रङ्ग, जात, धर्म तथा सम्प्रदायका आधारमा हुने हिंसा अन्धविश्वास र प्रथाका आधारमा समेत मानव अधिकार उल्लङ्घन जारी छ। तर, राज्यले न प्रभावकारी रूपमा अनुगमन गर्न सकेको छ, न दोषीलाई तत्काल कारबाही गर्न वा पीडितलाई न्याय दिन। विद्यमान कानुनका आधारमा मात्रै अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार मानव अधिकारको पूर्ण प्रत्याभूति दिन नसकिने भएकाले कानुनी बन्दोबस्त र संरचनात्मक सुधारमा सरकारले तत्काल ध्यान दिन आवश्यक छ।

मानव अधिकारको उल्लङ्घन जहाँ, जहिले पनि हुन सक्छ। घटना हुनै नदिनु सकारात्मक हो। तर, भएपछि त्यस्ता घटनाको विधिसम्मत र प्रभावकारी अनुसन्धान भयो कि भएन र दोषीलाई जवाफदेही बनाइयो कि बनाइएन भन्ने सवाल नै मूल हो। हामी यही सवालमै निरन्तर चुक्दै आएका छौं। यसलाई हामी जति छिटो कानुनी र संरचनात्मक सुधारबाट चिर्न सक्छौं त्यति नै छिटो मानव अधिकारको व्यवहारिक प्रत्याभूति बढाउन सक्छौं। संविधान र कानुनमा उल्लेखित अधिकारको प्रत्याभूति व्यवहारमा हुनुपर्छ। तर, हामी मानव अधिकारको हकमा अक्सर व्यवहारिक प्रत्याभूति नै चुकिरहेका छौं।

**रवि लामिछाने**
सभापति

## राष्ट्रिय प्रजातन्त्र पार्टी

नेपालको संविधानमा मानव अधिकारको प्रवर्धन र संरक्षण गर्ने व्यवस्था भए पनि मानव अधिकारको पूर्ण पालनामा सरकार गम्भीर हुन सकिरहेको छैन। आधारभूत स्वास्थ्य सेवा नपाएर अकालमा मृत्यु हुनेको सङ्ख्या प्रति वर्ष बढ्दो छ। शान्तिपूर्ण रूपमा भेला हुन पाउने र आफ्नो विचार राख्न पाउने अधिकार सङ्कुचन हुने गरी सरकारले कानुन विपरीत निषेधित क्षेत्र, विस्तार र अवधि बढाउने काम गरेको छ। ललितपुरमा रोजगारीको लागि आवेदन दिन लाइनमा बसेका निहत्था युवाहरूको गोली प्रहारबाट मृत्यु भएको छ। बालबालिका, महिला, जेष्ठ नागरिक, लोपोन्मुख वर्ग लगायतका पछाडि परेका वर्गको मानव अधिकारको निर्बाध उपयोगमा अझै धेरै काम गर्न बाँकी छ। म यसतर्फ सरकारको ध्यान आकृष्ट गर्न चाहन्छु।

**राजेन्द्र लिङ्देन**
अध्यक्ष

## जनता समाजवादी पार्टी, नेपाल

मानव अधिकार उल्लङ्घनका बारेमा सचेतना गराउनु राज्यको दायित्व हो। मानव अधिकार हनन्, दमन, अत्याचार, डर र त्रास लगायतका कार्य रोक्नु तथा यसविरुद्ध कानुनी व्यवस्था गर्नुपर्ने देखिन्छ।

विश्वका विकासशील तथा विकासोन्मुख देशहरूमा मानवका बासस्थान, रोजगारीको ग्यारेण्टी तथा जीवन जीउनका लागि न्युनतम् आवश्यकताको पूर्ति हुनुपर्ने कुरा मानव अधिकारको प्राथमिक सर्त हो। बास र रोजगारीको अभावले गर्दा हाम्रा जस्तो विकासशील देशमा मानव अधिकारका विषय कम प्राथकितामा पर्ने गरेका छन्।

गतवर्ष जस्तै मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका कैयौं घटनाहरू भएका छन्। जेललाई सुधार गृहको रुपमा विकास गर्नु पर्नेमा त्यस्तो हुन सकेको छैन। वास्तविक दोषीले उन्मुक्ति पाउने र निर्दोषलाई फसाउने गरिएका घटना पनि सार्वजनिक भएका छन्। भीड र निषेधित कार्य रोक्न गोली नै चलाइ हाल्नु पर्ने आवश्यकता हुँदैन। नियन्त्रणका अनेक उपाय हुन्छन्। तर, यसतर्फ सरकारको ध्यान गएको पाइँदैन। गरीब, पिछडिएका मानिसहरूको न्यायसम्म पहुँच हुने गरेको पाइन्न।

**प्रकाश अधिकारी**
सदस्य, प्रतिनिधिसभा तथा
केन्द्रीय कार्यकारिणी समिति सदस्य

## नेकपा (एकीकृत समाजवादी)

मानव अधिकार मानवमात्रको नैसर्गिक तथा अवशिष्ट अधिकार हो। मानव अधिकारलाई प्राकृतिक अधिकार, मौलिक अधिकार तथा कानुनी अधिकारको रूपमा नामाकरण गरिए पनि मूलभूत रूपमा मानवीय मूल्य र मर्यादालाई केन्द्रविन्दुको रूपमा लिनु पर्दछ। त्यसैले यसलाई मानव जातिको नैसर्गिक तथा प्राकृतिक अधिकारहरूको प्रत्याभूति गरी मानव-मानवबीच जातजाति, भाषा, धर्म, वर्ग, क्षेत्र र लिङ्ग आदिका आधारमा भेदभाव नगरी न्यायोचित आधारमा भय र अभावरहित समृद्ध विश्व निर्माण गर्ने पवित्र उद्देश्य राखेको छ।

मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको महत्वलाई आत्मसात गर्दै नेपालले पनि विभिन्न कार्यक्रहरूको आयोजना गरी मनाउने गरेको छ। खासगरी मानव अधिकारप्रति जनचेतना अभिवृद्धि गराउने उद्देश्यले नेपाल राष्ट्रका विभिन्न स्थानमा विभिन्न कार्यक्रमहरू आयोजना गर्ने गरिएको छ।

नेपालको राजनीतिक आन्दोलनको इतिहासमा विगत सात दशकदेखि नेपाली जनताले मानव अधिकारको पक्षपोषण गर्दै आएका छन्। २०४६ को जनआन्दोलनको परिणामस्वरूप नेपाली जनताले प्राप्त गरेको नेपाल अधिराज्यको संविधान, २०४७ ले नागरिकको मौलिक हकको रूपमा संहिताकरण गरी मानव अधिकारलाई संरक्षण प्रदान गरेको छ। तत्पश्चात् ०६२/०६३ को जनआन्दोलनको परिणामस्वरूप नेपाली जनताले प्राप्त गरेको नेपालको संविधान, २०७२ ले मानव अधिकारलाई नागरिकको मौलिक हकको रूपमा संहिताकरण गरी संरक्षण प्रदान गरेको छ।

हामीले निरन्तर मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि अनेकौँ सङ्घर्ष गर्दै आएका छौँ। मानव अधिकारको प्रत्याभुति, संरक्षण र संवर्द्धनका लागि भएका अन्तर्राष्ट्रिय प्रयासहरूमा हामीले आफ्नो समर्थन र प्रतिबद्धता जाहेर गर्दै आएका छौँ। मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने क्रममा नै नेपालमा मृत्युदण्डसम्बन्धी कानुनी व्यवस्था हटाउन तत्सम्बन्धी कानुनहरूमा संशोधन पनि भइसकेको छ।

वर्तमान अवस्थामा मानव अधिकारको मुद्दा भनेको गरिबी, अशिक्षा, स्वास्थ्य उपचार, बालबालिका अधिकार हनन्, महिला हिंसा र वर्गीय, जातजाति, लैङ्गिक, क्षेत्रीय, धार्मिक तथा सामाजिक विभेदहरू मुख्य रहेका छन्। यसमध्ये निरपेक्ष गरिबीको रेखामुनि रहेका जनताको गरिबी नै मानव अधिकारको मुख्य मुद्दा बनेको छ। यसका साथै नेपालका कतिपय क्षेत्रमा सुत्केरी महिला तथा बालबालिकाहरूलाई पोषणयुक्त र पर्याप्त खानाको अभाव छ। यस्तो अवस्थामा संविधानद्वारा प्रदत्त मौलिक अधिकारहरूको प्रभावकारी संरक्षण र निर्बाध उपभोग गर्न पाउने स्थितिका लागि संवैधानिक र कानुनी प्रत्याभूति मात्र पर्याप्त नहुने हुँदा यसबारे जनचेतना अभिवृद्धि गरिनु पर्दछ।

सबै व्यक्तिहरूको मौलिक अधिकार तथा स्वतन्त्रताहरूको सम्मान गर्ने, लिङ्ग, जातजाति, वर्ग, क्षेत्र, धर्म वा भाषाका आधारमा भेदभाव हुन नदिने र मानव अधिकारप्रति विश्वव्यापीसम्मान प्रवर्द्धन गर्न र सो उद्देश्य प्राप्तिका लागि निरन्तर क्रियाशील हुनु हाम्रो महत्वपूर्ण दायित्व रहेको छ। यसका लागि मानव अधिकासम्बन्धी विभिन्न कार्यक्रमहरूको महत्वपूर्ण भूमिका रहनेछ।

**माधवकुमार नेपाल**
पूर्व प्रधानमन्त्री तथा अध्यक्ष